जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक ३०४ • २०८३ भदौ ७ गते आईतवार • 23 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




# सीमा सुरक्षा तथा अपराध नियन्त्रणलाई थप प्रभावकारी बनाउने विषयमा समन्वयात्मक बैठक सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**जलेश्वर, ६ भदौ**

नेपाल र भारतका सुरक्षा अधिकारीबीच सीमा सुरक्षा तथा अपराध नियन्त्रणलाई थप प्रभावकारी बनाउने विषयमा महोत्तरीको सदरमुकाम जलेश्वरमा समन्वयात्मक बैठक सम्पन्न भएको छ।

शनिबार सम्पन्न बैठकमा नेपालको तर्फबाट महोत्तरी, सर्लाही र रौतहटका प्रमुख जिल्ला अधिकारी तथा भारतको सीतामढी जिल्लाका सुरक्षा अधिकारी सहभागी भएका थिए । बैठकमा सीमा सुरक्षा, सीमा अपराध नियन्त्रण तथा रोकथाम, लागूऔषध नियन्त्रण, सीमा स्तम्भको सुरक्षा तथा मर्मतसम्भार, अवैध हातहतियारको ओसारपसार नियन्त्रण, मानव तस्करीलगायत सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिका विषयमा विस्तृत छलफल भएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए। बैठकले नेपाल र भारतका सुरक्षाकर्मीले गर्दै आएको संयुक्त गस्तीलाई थप विस्तार गर्ने तथा सीमा क्षेत्रमा हुने आपराधिक घटनाबारे दुवै पक्षबीच तत्काल सूचना आदानप्रदान गर्ने सहमति गरेको छ। सीमा क्षेत्रमा देखिने सुरक्षा चुनौतीलाई समन्वयमार्फत समाधान गर्दै सीमा अपराध नियन्त्रणमा थप प्रभावकारी कदम चाल्ने विषयमा पनि छलफल भएको जनाइएको छ।

भारतको सीतामढीका डिस्ट्रिक्ट मजिस्ट्रेट तनय सुलतानियाले सीमामा दुवै देशका सुरक्षाकर्मीले सहकार्य गर्दै देखाएको सक्रियताको प्रशंसा गरे। उनले सीमा स्तम्भको संरक्षण, रेखदेख तथा आवश्यक मर्मतसम्भारसँगै सीमा क्षेत्रमा हुने अपराध, मानव तस्करीलगायत गतिविधि नियन्त्रणका लागि सूचना आदानप्रदानलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

बैठकमा सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणका लागि नियमित समन्वय, संयुक्त गस्ती र सूचनाको आदानप्रदानलाई निरन्तरता दिने विषयमा समेत सहमति भएको छ । समन्वयात्मक बैठकले आगामी दिनमा नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा व्यवस्था थप मजबुत बनाउन तथा सीमापार अपराध नियन्त्रणमा दुवै देशका सुरक्षा निकायबीच सहकार्य बढाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । बैठकमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, सर्लाहीका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदी, रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर, सीतामढीका डिस्ट्रिक्ट मजिस्ट्रेट तनय सुलतानिया र सीतामढीका सुपरीटेण्डेण्ट अफ पुलिस अमित रञ्जनसहित दुवै देशका सुरक्षा अधिकारीको सहभागिता थियो ।

# मोहम्मद डेको अवसरमा जनकपुरधाममा रक्तदान तथा वृक्षारोपण कार्यक्रम

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ६ भदौ**



मोहम्मद डेको अवसरमा जनकपुरधाममा रक्तदान तथा वृक्षारोपण कार्यक्रम आयोजना गरिएको छ। रबिउन नूर कमिटी जनकपुरधामको आयोजनामा 'रक्तदान गरी गरौं जीवनदान' भन्ने नारासहित रक्तदान कार्यक्रम गरिएको हो।

कार्यक्रममा स्थानीय युवा, विद्यार्थी तथा सामाजिक क्षेत्रमा सक्रिय व्यक्तिहरूको सहभागिता रहेको थियो । सहभागीहरूले रक्तदान गर्दै मानवीय सेवामा योगदान दिएका थिए। मोहम्मद डेको अवसर पारेर वातावरण संरक्षण र हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले वृक्षारोपणसमेत गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा विभिन्न प्रजातिका बिरुवा रोपिएका थिए। कार्यक्रम संयोजक इजाज अन्सारीले धार्मिक तथा सांस्कृतिक पर्वलाई सामाजिक सेवासँग जोड्ने उद्देश्यले रक्तदान र वृक्षारोपण कार्यक्रम आयोजना गरिएको बताए। उनले पर्वलाई सामाजिक सद्भाव, मानवीय सेवा र वातावरण संरक्षणसँग जोड्न यस्ता कार्यक्रमले सकारात्मक सन्देश दिने बताए । अन्सारीका अनुसार मोहम्मद डेकै अवसरमा आगामी बुधबार जनकपुरधाममा शान्तिपूर्ण र्‍यालीसमेत निकालिनेछ । रबिउन नूर कमिटीका अध्यक्ष अजिज राइनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीयवासी, युवा तथा सामाजिक क्षेत्रका व्यक्तिहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# जनकपुरधाममा अतिक्रमित सातवटा पोखरीको डिलमा चल्यो डोजर , ६५ घरटहरा भत्काइयो,जनतामा आक्रोस

**सोनी साह**
**जनकपुरधाम, ६ भदौ**

जनकपुरधाममा शनिबार सातवटा सार्वजनिक पोखरी अतिक्रमणमुक्त गरिएको छ । शनिबार गिरनारी (गोरधोई) पोखरी, दिर्घीका सर, मुरली सर, रत्नसागर, अर्गजा सर , दशरथ तलाउ र विसहरा तलाउको अतिक्रमण डोजर प्रयोग गरेर खाली गराइको हो ।



सो क्रममा अतिक्रमण गरेर बनाइएका ६५ वटा घरटहरा भत्काइएको गुठी जग्गा संरक्षण तथा अतिक्रमण हटाउने कार्यान्वयन समितिका सदस्य सचिव जनक पोखरेलले बताएका छन्। साउन १ गते नै अतिक्रमित ठाउँ खाली गर्न सूचना जारी गरिएको थियो। अतिक्रमण खाली गराउन डोजरको साथै बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । घरटहरा भत्कीएका पिडीतहरुमा ठूलो आक्रोस देखिएको छ भने घर बिहिन हुँदाको गहिरो पिडा व्यक्त गरिएको छ। चरम महँगी तथा अभावका वीच घरबिहीन हुँदा पिडीतहरुले सरकारप्रति आक्रोसित भएका छन् । पोखरेलका अनुसार अब अर्को चरणमा अतिक्रमणमुक्त गरिने पोखरीको रेखांकन गरिने त्यसपछि योजना बनाएर खाली गराइने छ।पहिलो चरणमा पहिचान गरिएका ५० वटा पोखरीलाई अतिक्रमणमुक्त गराइने समितिको लक्ष्य छ । पहिलो चरणमा पोखरी, मन्दिर परिसर र तेस्रो चरणमा अन्य अतिक्रमणमुक्त गराउने कार्ययोजना सहित वर्गीकरण गरिएको छ। अतिक्रमणमुक्त गर्दा २०६२ सालमा जनकपुरको गुठीको अतिक्रमित जग्गा पत्ता लगाउन गठन गरिएको भोजराज घिमिरे नेतृत्वको कार्यदलको प्रतिवेदनको आधार लिइएको छ।

**बाल अधिकारको संरक्षण गरौं**

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

**समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्जवल भविष्य सुनिश्चित गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




## बलात्कारीलाई फाँसी दिने कानुन बनाऊ

नेपालमा बलात्कारीको अपराधको सर्वत्र निन्दा गरिनुको साथै यिनीहरुलाई सार्वजनिक रुपमा फाँसी दिने गरी कानुनको निर्माण गर्न पिडीत पक्षबाट आक्रोस पोखिएको गरिमा चौधरीको सहितको घट्ना कुनै नयाँ होइन । विभिन्न कालखण्डमा बलात्कार जस्तो अपराधलाई रोक्न फाँसीको सजाय दिने गरी कानुन निर्माण गर्ने गराउने जनताको आवाज आए पनि अहिलेसम्म कुनै पनि सरकारले यस सम्बन्धी ठोस कानुन बनाउन सकेको छैन । जसको कारण अहिले महिला तथा चेलीबेटीहरु असुरक्षित महसुस गरिनुका साथै अकाल मृत्युको शिकार भएको देखिन्छ ।

भर्खरै बाराको ३ वर्षिय गरिमा चौधरीको बलात्कार पछिको हत्याको घट्नाले नयाँ मोड लिएको छ भने सर्बत्र विरोध तथा आक्रोसको परिवेश सिर्जना भएको छ ।

नेपालमा २००७ साल प्रजातन्त्रको घोषणापछि फाँसीको कानुन बनेको पाइदैन । राणा तथा राजतन्त्रको समयमा फाँसी दिने व्यवस्था रहेको थियो । छिमेकी राष्ट्र भारत विश्वमा सत प्रतिशत प्रजातान्त्रिक मुलुक रहनुका साथै त्यहाँ बलात्कार लगायतका जघँन्य अपराध गर्नेलाई अदालतको आदेशानुसार फाँसी अर्थात मृत्युदण्ड दिने कानुन बनेको छ। भर्खरै तामिलनाडुमा सिएम विजय थलापतिले महिलालाई सुरक्षित राख्न आकाशमार्गबाट ड्रोनको सहयोगले रातिसम्म पेट्रोलिङ्ग गर्ने व्यवस्था सुचारु गरेको छ । नेपालमा समेत यस किसिमको व्यवस्था लागु गर्नुका साथै फाँसी सम्बन्धी कानुन निर्माण गर्न जरुरी रहेको देखिन्छ ।

# अवैध रूपमा युरिया मल र खैनी ल्याउँदै गरेको आरोपमा दुईजना पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ६ भदौ**

भारतबाट नेपालतर्फ अवैध रूपमा युरिया मल र खैनी ल्याउँदै गरेको आरोपमा दुई नेपाली नागरिकलाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले पक्राउ गरेको छ।

भारतको बिहारस्थित पूर्वी चम्पारण जिल्लाको सीमावर्ती क्षेत्रमा एसएसबीको ७१औं वाहिनीको टोलीले गरेको कारबाहीका क्रममा ८५५ किलो युरिया मल, ५० किलो खैनी र चारवटा साइकलसहित दुई जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा बाराको सिम्रौनगढ नगर क्षेत्रका १८ वर्षीय आदित्य नारायण मुखिया र १९ वर्षीय अमिरखा मुखिया रहेका छन् ।



उनीहरूलाई सीमा स्तम्भ नम्बर ३६० बाट करिब २०० मिटर भारततर्फ नियन्त्रणमा लिइएको जनाइएको छ । यस्तै, सोही सीमाक्षेत्रको बडहरवा बोर्डरमा एसएसबीले गरेको अर्को कारबाहीमा २४ बोरा युरिया मल, एउटा मोटरसाइकल र चारवटा साइकल बरामद गरेको छ। सुरक्षाकर्मीलाई देखेपछि तस्करहरू सामान छाडेर भाग्न खोजेका थिए । उनीहरूको पिछा गर्ने क्रममा भारतीय नागरिक गोपाल राय पक्राउ परेका छन् । पक्राउ परेका व्यक्तिहरू तथा बरामद सामग्रीलाई आवश्यक कानुनी कारबाहीका लागि सीमा शुल्क कार्यालय मोतिहारीमा बुझाइएको एसएसबीले जनाएको छ ।

सीमावर्ती क्षेत्रमा मललगायत विभिन्न सामग्रीको अवैध ओसारपसार बढेपछि भारतीय सुरक्षाकर्मीले निगरानी र चेकजाँचलाई थप कडाइ गरेको जनाइएको छ ।

# सेवाग्राहीको सहजताका लागि स्थानीय तहमै पुगेर सवारी चालक अनुमति पत्र (लाइसेन्स) वितरण

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ६ भदौ**

महोत्तरीको बर्दिवासस्थित यातायात व्यवस्था कार्यालयले सेवाग्राहीको सहजताका लागि स्थानीय तहमै पुगेर सवारी चालक अनुमति पत्र (लाइसेन्स) वितरण गर्न थालेको छ। लाइसेन्स लिनकै लागि बर्दिवाससम्म पुग्नुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्यले कार्यालयमा छापिएर लामो समयदेखि थन्किएका लाइसेन्स सम्बन्धित पालिकामार्फत वितरण गर्न थालिएको हो ।

कार्यालय प्रमुख राकेश यादवका अनुसार सेवाग्राहीलाई आफ्नै गाउँठाउँबाट लाइसेन्स उपलब्ध गराउने उद्देश्यले पालिकासँग समन्वय गरी वितरणको व्यवस्था मिलाइएको हो । कार्यालयमा छापिएर तयार अवस्थामा रहेका लाइसेन्सको स्टक सम्बन्धित पालिकासम्म पुऱ्याइएको र पालिकाले वडा कार्यालयमार्फत सेवाग्राहीलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउनेछन्। यादवले महोत्तरीमा वितरणको काम सम्पन्न भएपछि धनुषा, सर्लाही र सिन्धुली जिल्लामा समेत पालिकामार्फत लाइसेन्स वितरण गर्ने योजना रहेको जानकारी दिए ।

कार्यालयका अनुसार मनरासिस्वा नगरपालिका बाहेक महोत्तरीका सबै स्थानीय तहमा



लाइसेन्स वितरणको काम सम्पन्न भइसकेको छ । यसबाट लामो समयदेखि कार्यालयमै थन्किएका लाइसेन्स सम्बन्धित सेवाग्राहीको हातसम्म पुग्ने विश्वास गरिएको छ । जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारले पालिकामै पुगेर लाइसेन्स वितरण गर्ने व्यवस्थाले स्थानीय सेवाग्राहीलाई प्रत्यक्ष लाभ पुगेको बताए । लाइसेन्स लिनकै लागि बर्दिवाससम्म पुग्नुपर्ने अवस्थाको अन्त्य हुँदा सेवाग्राहीको समय र यातायात खर्च दुवै बचत हुने उनको भनाइ छ । उनले यातायातसम्बन्धी अन्य सेवासमेत सम्भव भएसम्म स्थानीय तहमै उपलब्ध गराउने व्यवस्था गर्न आग्रह गर्दै यस्ता कार्यक्रमलाई आगामी दिनमा निरन्तरता दिनुपर्नेमा जोड दिए । यातायात व्यवस्था कार्यालयले पहिलो चरणमा महोत्तरीमा पालिकामार्फत लाइसेन्स वितरण सुरु गरेको हो ।





अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: मित्रतामा फाटो आउने
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: अनावश्यक चिन्ता
कन्या: लामो यात्राको योग छ
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: आम्दानी हुने
धनु: खानपानमा समस्या आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०५:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०७:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# युरोपमा डढेलोले बढाए विश्वयुद्धका पुराना बम र बारुदी सुरुङको जोखिम



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ भदौ**

यस वर्षको गर्मीयाममा युरोपभर फैलिएका डढेलोले पहिलो र दोस्रो विश्वयुद्धका बेला जमिनमुनि गाडिएका बम तथा बारुदी सुरुङको जोखिम गम्भीर रूपमा उजागर गरेका छन् ।

अत्यधिक गर्मीका कारण कतिपय पुराना विस्फोटक पदार्थ आफैँ पड्किएका छन् भने आगलागी नियन्त्रणमा खटिएका उद्धारकर्मीहरू समेत उच्च जोखिममा परेका छन् । फ्रान्स, बेल्जियम, जर्मनी र नेदरल्यान्ड्समा पुराना विस्फोटक पदार्थ विस्फोट भएका घटनाहरू सार्वजनिक भएका छन् । नेदरल्यान्ड्सको लिम्बर्ग प्रान्तस्थित सन् १९४४ मा भीषण युद्ध भएको क्षेत्रमा डढेलोको अत्यधिक जोखिम बढेपछि बम निष्क्रिय पार्ने विशेष टोली नै परिचालन गरिएको थियो । त्यस्तै, पूर्वी बेल्जियमको लिएज प्रान्तमा पनि डढेलोका क्रममा पुराना हतियार विस्फोट भएका आवाज सुनिएको र आपत्कालीन टोली परिचालन गरिएको गभर्नर हर्भे जामारले बताएका छन् ।

विशेषज्ञहरूका अनुसार जनवरीमा भएको भारी वर्षाका कारण वनस्पति अत्यधिक बढेको र गर्मीयाममा ती सुक्खा वनस्पति आगो फैलाउने इन्धन बनेका थिए । 'वर्ल्ड वेदर एट्रिब्युसन' समूहको अध्ययनले उच्च तापक्रम, खडेरी, कम आर्द्रता र तीव्र हावाका कारण आगो फैलिन अनुकूल वातावरण बनेको देखाएको छ । शान्ति तथा द्वन्द्व अध्येता सारा नजेरीले जलवायु परिवर्तनका कारण डढेलो र विस्फोटका घटनाले युरोपको 'जलवायु सुरक्षा' कमजोर बनाउँदै लगेको बताउँदै पहिले स्थिर रहेका युद्धकालीन विस्फोटक पदार्थ अत्यधिक तापक्रमका कारण पुनः जोखिमपूर्ण बनेको उल्लेख गरेका छन् । दोस्रो विश्वयुद्धका क्रममा बेल्जियमको 'हाई फेन्स' लगायतका क्षेत्रमा नाजी जर्मनी र मित्रराष्ट्रका सेनाबीच भीषण युद्ध भएको थियो । अहिले ती ऐतिहासिक रणभूमिहरू जङ्गल, चरन तथा खेतीयोग्य जमिनमा परिणत भए पनि जमिनमुनि अझै पनि हजारौँ बम, मोर्टारका गोला र बारुदी सुरुङहरू बाँकी छन् ।

# दुई सन्तानका बाबु बनेपछि अर्जुन रामपालले गरे कानुनी विवाह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ भदौ**

बलिउड अभिनेता अर्जुन रामपालले आफ्नी प्रेमिका ग्याब्रिएला डेमेट्रिएड्ससँग गोवामा कानुनी विवाह दर्ता गराएका छन् । पिटिआईका अनुसार उत्तर गोवाको मापुसास्थित सब(रजिस्ट्रार कार्यालयमा नजिकका साथीहरूको उपस्थितिमा यो जोडीले कानुनी प्रक्रिया पूरा गरेको हो ।



स्थानीय कानुनअनुसार पहिलो र दोस्रो हस्ताक्षरबिच हुनुपर्ने १५ दिनको पर्खाइको समयलाई छुट दिन उनीहरूले स्थानीय अदालतको सहायक सरकारी वकिलबाट विशेष अनुमति लिएका थिए। सब-रजिस्ट्रार सुरज भेर्णेकरका अनुसार यो विवाह गोवाको समान नागरिक संहिताअन्तर्गत दर्ता भएको हो । अर्जुन र ग्याब्रिएला अपरान्ह ४ बजेतिर कार्यालय पुगेका थिए र उनीहरू सामान्य पहिरनमा उपस्थित भएका थिए । पूर्वपत्नी मेहरजेसियासँग अलग भएपछि अर्जुन र ग्याब्रिएला सन् २०१८ देखि सम्बन्धमा थिए ।

विवाहअघि नै सन् २०१९ मा उनीहरूबाट पहिलो छोरा अरिकको जन्म भएको थियो । त्यसको चार वर्षपछि उनीहरूले दोस्रो छोरा अरिभलाई स्वागत गरे । सन् २०२५ मा सम्बन्धमा बसेको ६ वर्षपछि अर्जुनले ग्याब्रिएलासँग इन्गेजमेन्ट गरेको घोषणा गरेका थिए ।

यसअघि रणवीर अल्लाहबादियाको युट्युब च्यानलमा कुरा गर्दै अर्जुनले दुई सन्तान भइसक्दा पनि विवाह नगर्नुको कारण खुलाएका थिए । 'यो मेरो वा उनको मात्र निर्णय होइन,' उनले भनेका थिए, 'विवाह आखिर के हो र ? एउटा कागजको पाना त हो । मलाई लाग्छ हामी पहिले नै विवाहित भइसकेका छौँ र यसमा मलाई कुनै शङ्का छैन ।'

# बर्दिबासमा गरिमाको न्याय माग्दै नागरिक सडकमा

**जलेश्वरटुडे समाचारदाता**
**जीवनराज दाहाल, ६ भदौ**

तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाका दोषीलाई कारबाहीको माग गर्दै शनिबार बर्दिबासमा विरोध प्रदर्शन गरिएको छ ।

भोला वसन्त चोकबाट सुरु भएको र्‍याली सिन्धुली रोडसम्म पुगेको थियो । र्‍यालीमा सहभागी स्थानीय, युवा तथा नागरिकले



गरिमाका लागि न्याय र बालबालिकाको सुरक्षाको माग गर्दै विभिन्न नारा लगाएका थिए । प्रदर्शनपछि तिनकुनेमा आयोजित कार्यक्रममा सहभागीहरूले गरिमा चौधरीप्रति श्रद्धाञ्जली अर्पण गर्दै एक मिनेट मौनधारणसमेत गरे । उनीहरूले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनअनुसार कडा सजाय दिन माग गरेका छन् ।

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१ की गरिमा घरबाट हराएको केही दिनपछि मृत अवस्थामा फेला परेकी थिइन् । बलात्कारपछि हत्या भएको खुलेपछि घटनाको विरोध तथा न्यायको माग गर्दै विभिन्न स्थानमा प्रदर्शन हुँदै आएको छ ।




अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
भंगहा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# असमावेशी राज्य, विभेदकारी चरित्र

-मधेशी र उत्पीडित समुदायको ठूलो जनमतबाट बनेको वालेन्द्र शाह नेतृत्वको सरकार राज्यसत्तामा कायम एकल जातीय प्रभुत्व, असमानता र विभेद अन्त्य गर्ने म्यान्डेटप्रति गैरजिम्मेवार देखिएको छ । सरकारी नियुक्तिमा खसआर्य र पुरुषको वर्चस्व कायम रहँदा मधेशी, दलित, महिला तथा अन्य सीमान्तीकृत समुदायको समानुपातिक प्रतिनिधित्व कमजोर बनाइएको छ । समावेशी राज्य निर्माणको सट्टा तथाकथित मेरिटोक्रेसीका नाममा बहिष्करणलाई निरन्तरता दिइएको भन्दै सरकारले निर्वाचन प्रणाली र नियुक्ति प्रक्रियामा उत्पीडित समुदायको अधिकार सुनिश्चित गर्नुपर्ने लेखको निष्कर्ष छ ।

निर्वाचन अभियानका क्रममा वालेन्द्र शाहले जनकपुर पुगेर आफूलाई 'मधेशीको छोरा' का रूपमा परिचय दिए । उनले 'मधेशीको छोरा' प्रधानमन्त्री हुनेवाला छ, त्यसैले रास्वपालाई भोट दिनुहोस् भनेर मैथिलीमै भाषण गरे । वालेन्द्रले माइतीघरमा उखु किसान र मिटरब्याजपीडित आन्दोलन सम्झिए र मेयरको हैसियतले समाधान गर्न नसकेको हुँदा प्रधानमन्त्री बनेपछि समाधान गर्ने आशय व्यक्त गरे । संघीयतालाई बलियो बनाउने विचार पनि राखे । 'जिम्मेवारी दिनुहोस्, काम गर्छु' भनेर मधेशी समुदायसमक्ष मत मागे । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीकै शैलीमा मधेशी जनताले वालेन्द्र शाहसँग निकै ठूलो अपेक्षा गरे । वालेन्द्रकै लोकप्रियताका कारण मधेश प्रदेशका जनताले ३२ मध्ये ३० सिटमा रास्वपाका उम्मेदवारलाई निर्वाचित गराए । समानुपातिक तर्फ पनि मधेशको ५८ प्रतिशत मत दिए । त्यो मत रास्वपाले पाएको जम्मा मतको करिब २५ प्रतिशत हो । वालेन्द्र शाह आधुनिक नेपाली राजनीतिक इतिहासकै पहिलो मधेशी समुदायका प्रधानमन्त्री हुन् । यो निर्वाचनले खसआर्य मात्रै प्रधानमन्त्री हुने एकल जातीय प्रभुत्वलाई ठूलै झड्का दिएको थियो । यसको आशय राज्यसत्तामा रहँदै आएको एकल जातीय दबदबाको अन्त्यका लागि पनि यो सरकारले प्रयत्न गर्ला भन्ने आशा मधेशी र सीमान्तीकृत समुदायलाई थियो । त्यसैले त मधेशी र उत्पीडित समुदायले वालेन्द्रलाई मतदान गरे ।

यसको अर्थ वालेन्द्र मधेशी समुदायप्रति मात्रै जिम्मेवार हुनुपर्छ भन्ने होइन, तथापि मधेशी र उत्पीडित समुदायको अपेक्षालाई सम्बोधन गर्ने दिशामा काम गर्नु उनको जिम्मेवारी हो । निर्वाचनले दिएको म्यान्डेट पनि हो । तर, वालेन्द्र नेतृत्वको सरकार राज्यसत्तामा रहेको एकल जातीय प्रभुत्व, असमानता र विभेदको अन्त्य गर्ने दिशातिर पूर्णतः गैरजिम्मेवार भएको देखिएको छ । राज्यसत्तामा रहेका असमान शक्ति-सम्बन्धलाई बदल्ने, उत्पीडित वर्ग, लिंग र समुदायमाथिको ऐतिहासिक बहिष्करण, विभेद र हिंसालाई सम्बोधन गर्ने समावेशी राज्य निर्माणतर्फ लाग्नुपर्ने म्यान्डेट पाएको सरकारको कदम समावेशीकरणकै बर्खिलापमा उत्रिएको छ । समावेशिताविरोधी हर्कतः नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात् गरेको छ । संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्नु राज्यको राजनीतिक, संवैधानिक र नैतिक जिम्मेवारी हो । वालेन्द्र शाह नेतृत्वको सरकारमा युवाको बलियो उपस्थिति छ । प्रधानमन्त्रीसहित १७ मन्त्रीमध्ये ६ जना महिला मन्त्री नियुक्ति गरिएको छ । थारू र दलित महिलालाई मन्त्रालयको जिम्मेवारी दिइएको छ, जुन सकारात्मक छ । तथापि, समग्र मन्त्रिपरिषद्को संरचनामा अहिले पनि ४७ प्रतिशत खसआर्यकै प्रतिनिधित्व छ भने मधेशीको २३.५३ र आदिवासी जनजातिको १७.६५ प्रतिशत प्रतिनिधित्व छ । युवा विद्रोह र उत्पीडित समुदायको जनमतको जगमा बनेको यो सरकार समानुपातिक समावेशी सिद्धान्तको कार्यान्वयनप्रति जवाफदेही हुन सकेको छैन ।

वालेन्द्र नेतृत्वको सरकार राज्यसत्तामा कायम एकल जातीय प्रभुत्व, असमानता र विभेद अन्त्य गर्ने दिशामा गैरजिम्मेवार देखिएको छ । समावेशी राज्य निर्माणको म्यान्डेट पाएको सरकारका पछिल्ला कदम समावेशीकरणकै बर्खिलापमा देखिएका छन् ।'जान्नेलाई छान्ने' नारासहित सरकारमा आएको रास्वपाले सामाजिक विविधता र बहुआयामिक क्षमतालाई चिन्ने सामर्थ्य राख्न सक्ने कुरै भएन । एकल जाति, वर्ग र समुदायलाई मात्रै 'मेरिट' देख्ने दृष्टिभ्रम रहेको नेतृत्वले विविधतालाई क्षमताका रूपमा स्वीकार गर्दैन । 'मेरिट' छनोटको विधि, प्रक्रिया र सूचक नै निश्चित वर्ग र समुदायको स्वार्थ पूरा हुने गरी डिजाइन गरिएपछि अन्य समुदायका क्षमतावान् व्यक्तिले अवसर र जिम्मेवारी पाउन सक्दैनन् । रास्वपाकै भाषामा 'जान्ने वा क्षमतावान्' लाई जिम्मेवारी दिइएको हो भने मन्त्रीको जिम्मेवारी पनि व्यक्तिको 'विशिष्ट क्षमता र अनुभव' का आधारमा हुनुपर्थ्यो, जुन विचारलाई व्यवहारमा उतारिएको छैन । प्रधानमन्त्रीको सचिवालयदेखि सरकारले गरेका नियुक्तिमा पनि विशिष्ट क्षमता, अनुभव र समावेशीकरणको वास्तविक यथार्थ कस्तो छ भन्ने स्पष्ट देखिन्छ ।

वालेन्द्र नेतृत्वको सरकार राज्यसत्तामा कायम एकल जातीय प्रभुत्व, असमानता र विभेद अन्त्य गर्ने दिशामा गैरजिम्मेवार देखिएको छ । समावेशी राज्य निर्माणको म्यान्डेट पाएको सरकारका पछिल्ला कदम समावेशीकरणकै बर्खिलापमा देखिएका छन् । संविधानको मौलिक हकमा राज्यको सम्पूर्ण निकायको गठन समानुपातिक समावेशी सिद्धान्तअनुसार गरिनुपर्ने उल्लेख छ । वालेन्द्र नेतृत्वको सरकारले यो अवधिमा विभिन्न ५३ वटा राज्य संरचनाको मुख्य भूमिकामा ८२ जना पदाधिकारी नियुक्ति गरेको छ । यो नियुक्तिले सरकारको समानुपातिक समावेशीविरोधी तस्बिर दिन्छ । लैंगिक दृष्टिकोणबाट हेर्दा ८९.०२ प्रतिशत पुरुष र १०.९८ प्रतिशत महिला नियुक्तिमा परेका छन् । जातजातिको कोणबाट हेर्दा ६३.१४ प्रतिशत खसआर्यले नियुक्ति पाएका छन् । २८.०५ प्रतिशत आदिवासीले नियुक्ति पाएका छन् । यस्तो नियुक्तिमा सरकारलाई ठूलो जनमत दिने मधेशीको ७.३२ प्रतिशत र मुस्लिमको १.२२ प्रतिशत मात्रै हिस्सा छ । यो उत्पीडित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको संवैधानिक अधिकारको बर्खिलापमा छ । नेपालका सबै उत्पीडित समुदायभित्र विषयगत, सामुदायिक र व्यावसायिक क्षमतावान् व्यक्ति छन् । सामुदायिक पहिचान, अधिकार र सामाजिक न्यायसहितको समाज निर्माणमा योगदान गर्ने विशिष्ट व्यक्तिहरू सबै समुदायमा छन् । तर, सामाजिक समावेशीकरण प्रवर्धन गर्ने सरकारको नियत नै भएन भने यसको परिणाम बहिष्करणकै निरन्तरता हुन पुग्छ । पुरुषवादी र जातिवादी नियुक्ति यही दृष्टिकोणको उपक्रम हो ।



राष्ट्रिय योजना आयोग देश विकासको योजना निर्माण गर्ने थिंक ट्यांक हो । आयोगमा सदावहार प्रभुत्वशाली खसआर्यकै दबदबालाई निरन्तरता दिइएको छ । योजना आयोगमा आदिवासी जनजाति र मधेशीको प्रतिनिधित्व भए पनि आर्थिक-सामाजिक रूपमा ऐतिहासिक उत्पीडनमा पारिएका दलितलाई अहिलेसम्म योजना आयोगमा निषेध गरिएको छ, यो सरकारले पनि यसैलाई निरन्तरता दिएको छ । यदि देशको समग्र विकासमा योजना आयोगले प्रभावकारी भूमिका निर्वाह गर्ने हो भने आयोगमा दलितको प्रतिनिधित्व अनिवार्य हुनुपर्छ । नेपालको शिक्षा क्षेत्र संकटमा पर्नुको एउटा कारण ती निकायलाई राजनीतिक भर्ती केन्द्र बनाइनु हो । यति मात्रै होइन, समाजमा फरक ज्ञान, विचार, अनुभव र क्षमतालाई निषेध गर्नु पनि हो । विश्वविद्यालय समाजका हरेक क्षेत्र, वर्ग, लिंग र समुदायका सवालमा बृहत् अध्ययन, अनुसन्धान, सैद्धान्तिक र वैचारिक बहस हुने थलो हुनुपर्ने हो र समाजका लागि नयाँ ज्ञान निर्माण गर्ने थलो हुनुपर्ने हो । तर, शैक्षिक संस्थामा पनि विशेषगरी विश्वविद्यालयको नेतृत्वमा सदैव एउटै लिंग र समुदायको वर्चस्व रहिरहेका कारण पनि नेपाली समाजका लागि आवश्यक ज्ञान उत्पादनमा विश्वविद्यालयको भूमिका कमजोर छ । वालेन्द्र नेतृत्वको सरकारले विश्वविद्यालय अनुदान आयोगदेखि चिकित्सा शिक्षा आयोग गरी १३ ओटा निकायमा नियुक्ति गरेको छ, ती सबै पुरुष मात्रै छन् भने ११ जना खसआर्य समुदायका मात्रै छन् । मध्यपश्चिम विश्वविद्यालयका राजन सुवाल र राजर्षीजनक विश्वविद्यालयका उपकुलपति श्यामनारायण लाभ आदिवासी र मधेशी समुदायका छन् । यो सरकारले तथाकथित 'मेरिटोक्रेसी' का नाममा शैक्षिक क्षेत्रलाई एकल जातीय एकाधिकारमा कैद गर्ने प्रयत्न गरेको देखिन्छ ।

साभार : कान्तिपुर ।





अनुरोधकर्ता
शहिदनगर नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


# भारतको बिहार राज्य सितामढी जिल्लाको डीएम सुल्तानियाद्वारा जलेश्वरनाथको दर्शन तथा पुजाआजा गरियो


जलेश्वरटुडे समाचारदाता
जलेश्वर, ६ भदौ

भारतको बिहार राज्य सितामढी जिल्लाको डीएम तनय सुल्तानिया महोत्तरी जिल्लाको ऐतिहासिक धरोहर जलेश्वरनाथ महादेवको दर्शन तथा विशेष पुजाआजा गर्नु भएको छ ।



जलेश्वर नगरपालिकाको नगर प्रमुख सुरेश साह सोनारले उनलाई विशेष स्वागत गर्नु भएको छ । सो पश्चात जलेश्वर नगर पालिकाको सभा हलमा नेपाल र भारतका सुरक्षा अधिकारीबीच सीमा सुरक्षा तथा अपराध नियन्त्रण सम्बन्धी समन्वयात्मक बैठकमा भाग लिनु भएको थियो । उक्त कार्यक्रममा जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्र देव यादव, सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी बिजय राज सुबेदी,रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाल , जिल्ला प्रहरी कार्यालय महोत्तरीका कार्यालय प्रमुख प्रहरी उपरीक्षक श्याम कुमार सारु मगर , जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक रविन्द्र नाथ पौडेल , जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सिताराम रिजाल , महोत्तरी, सर्लाही, रौतहटका सशस्त्र प्रहरी उपरीक्षकहरु र राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय महोत्तरी, सर्लाही, रौतहटका उप अनुसन्धान निर्देशक हरु, महोत्तरी र सर्लाही जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारी हरु, महोत्तरी, रौतहटका भन्सार कार्यालयका कार्यालय प्रमुखहरु, नापी कार्यालयका कार्यालय प्रमुख हरु, डिभिजन वन कार्यालयका कार्यालय प्रमुख,सितामढीका एसपी अमित रन्जन लगायत २१ जना सहित ५० जनाको उपस्थितिमा "नेपाल-भारत सीमा जिल्ला समन्वय समिति बैठक" समपन्न भएको थियो ।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday